बैठक संख्या -१९

आज मिति २०८१।०४।०१ गतेको दिन उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९९

मितिः २०८१।०४।०१

निर्णयहरूः

१. गाउँ कार्यपालिकाको गत आर्थिक वर्षमा भएका निर्णयहरुको समीक्षा गरियो, आगामी दिनहरुमा निर्णय प्रकृया तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक कार्यहरु गर्ने।

२. आर्थिक वर्ष २०८०।०८१ को आम्दानी तथा खर्चको समीक्षा गरियो । उक्त आर्थिक वर्षमा कुल आय अनुमानको ८९.८५प्रतिशत (रु ३६२६५७२०२.२८ मात्र) प्राप्त भएकोमा चालुतर्फ ७८.७२ प्रतिशत ( रु २१२९०९०३०.१५ मात्र) पुजिगत तर्फ ६९.७९ प्रतिशत ( रु ९२८५२५३५.८१ मात्र) गरी समग्रमा ७५.७७ प्रतिशत ( रु ३०५८४२५६५.९६ मात्र) रहेको व्यहोरा जानकारी भई आगामी आर्थिक वर्षमा समग्र वित्तीय प्रगती बढ्ने गरी कार्यान्वयन गर्नका लागि आबश्यक छलफल भयो ।

३. एकल महिलाहरुको समित, सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने ।

४. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबिच चालु आर्थिक वर्षमा कार्यक्रम गर्ने गरी कार्यसम्पादन सम्झौता गर्ने ।

५. आर्थिक वर्ष २०८१/०८२ को लागि यस गाउँपालिकाको निर्माण कार्यको दर विश्लेषण गर्नका लागि कामदारको ज्याला र निर्माणजन्य सामाग्री ढुवानीको दर रसुवा जिल्लाको आ.व. २०८१।०८२ को लागि स्वीकृत दररेट प्रयोग गर्ने र अन्य निर्माण सामग्रीको दर नुवाकोट जिल्लाको आ.व.२०८१।०८२ को लागि स्वीकृत दररेट प्रयोग गर्ने गरी स्थानीय दररेट स्वीकृत गर्ने ।

६. आर्थिक वर्ष २०८०।०८१ मा कार्यक्रम सञ्चालन गरी सम्पन्न भएको तर विशेष कारणबश भुक्तानी बाँकि रहेको कक्षा १-५ का विद्यार्थीहरुलाई पोशाक शिर्षकको रु १६,२१,६०२/- र उत्तरगया कृषि तथा पशु उद्यमशिलता परियोजनाको रकम रु २३,३७,२०१/- लाई भुक्तानी बाँकीको विवरण प्रमाणित गरी सोको भुक्तानीको लागि आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा समावेश गरी बजेट विनियोजनको लागि गाउँसभामा पेश गर्ने।

२०८१।०४।०१